# वारिष्टा तालिम सञ्चालनका लागि आँबुखैरेनी गाउँपालिकाको

# Terms of Reference (TOR)

## १. पृष्ठभूमि

स्थानीय तहमा उपलब्ध मानव स्रोतलाई सीपयुक्त बनाई स्वरोजगार तथा आन्तरिक रोजगारीका अवसर सिर्जना गर्ने उद्देश्यले आँबुखैरेनी गाउँपालिकाले सीप विकास तथा उद्यमशीलता प्रवर्द्धनसम्बन्धी कार्यक्रम गर्ने गरेको छ। युवाहरू, बेरोजगार व्यक्ति तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूलाई व्यवहारिक तथा बजारमा माग भएका सीप प्रदान गरी उनीहरूलाई स्वरोजगार तथा रोजगारीमा आबद्ध गराउने उद्देश्यले विभिन्न सीपमूलक तालिम सञ्चालन गर्नु नै आजको आवश्यकता हो।

होटल, रेष्टुरेन्ट, क्याफे तथा पर्यटन व्यवसायको विस्तारसँगै दक्ष वारिष्टाको माग बढ्दै गएको सन्दर्भमा वारिष्टा सम्बन्धी सीप विकास तालिम उपयोगी तथा रोजगारमुखी देखिन्छ। यसर्थ आँबुखैरेनी गाउँपालिकाको स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही इच्छुक तथा लक्षित व्यक्तिहरूलाई व्यवहारिक ज्ञान, सीप तथा दक्षता प्रदान गर्ने उद्देश्यले वारिष्टा सम्बन्धी सीप विकास तालिम सञ्चालन गर्न यो Terms of Reference (TOR) तयार गरिएको हो।

## २. तालिमको नाम

वारिष्टा (Barista) सम्बन्धी सीप विकास तालिम

## ३. तालिम सञ्चालन गर्ने निकाय

आँबुखैरेनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, आँबुखैरेनी-३, तनहुँ।

## ४. तालिम सञ्चालनको उद्देश्य

क. सहभागीहरूलाई वारिष्टा पेशासम्बन्धी आधारभूत तथा व्यावहारिक ज्ञान र सीप प्रदान गर्ने।
ख. विभिन्न प्रकारका कफी तथा कफीमा आधारित पेय पदार्थ तयार गर्ने सीप विकास गर्ने।
ग. कफी मेसिन तथा अन्य आवश्यक उपकरणहरूको सुरक्षित र प्रभावकारी प्रयोग गर्न सक्षम बनाउने।
घ. सहभागीहरूलाई स्वरोजगार तथा रोजगारीका लागि सक्षम बनाउने।
ङ. स्थानीय स्तरमै क्याफे तथा कफी व्यवसाय सञ्चालन गर्न आवश्यक आधारभूत ज्ञान प्रदान गर्ने।

### ५. लक्षित सहभागी

आँबुखेंरेनी गाउँपालिकाभित्रका रोजगारीको खोजीमा रहेका युवा, स्वरोजगार हुन इच्छुक व्यक्ति, तथा वारिष्टा पेशामा रुचि भएका अन्य लक्षित व्यक्तिहरू तालिममा सहभागी हुन सक्नेछन्।

### ६. तालिम सञ्चालन विधि र प्रकृया

क. तालिम सञ्चालनको लागि स्वीकृत लागत अनुमानको आधारमा परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नुपर्नेछ।

ख. गाउँपालिकाले कार्यगत शर्त र लागत अनुमान स्वीकृत गर्नेछ

ग. सार्वजनिक खरिद ऐन २०६३ र नियमावलीमा उल्लेखित प्रावधानको परिधि भित्र रहि सूचिकृत परामर्श सेवालाई प्रस्तावहरु माग गरिनेछ र प्राप्त प्रस्तावहरुबाट मुल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनौट गरिनेछ।

घ. छनौट भएको परामर्शदाता/ संस्थासंग कार्यक्षेत्रगत शर्त बमोजिम सम्झौता गरिनेछ।

### ७. तालिम सञ्चालनका शर्तहरु

क. प्रशिक्षकको लागि CTEVT को सीप परिक्षण उत्तीर्ण भई तह-१ पुरा गरेको/ मान्यता प्राप्त तालिम प्रदायक संस्थामा प्रशिक्षकको रुपमा कम्तिमा २ वर्ष काम गरेको अनुभव भएको हुनुपर्नेछ ।

ख. तालिम १५० घण्टा सञ्चालन गर्नुपर्नेछ ।

ग. तालिम सामाग्री, मेशिनरी औजार एवम् आवश्यक जनशक्तिको व्यवस्थापन तथा सहभागीलाई खाजा, तालिम स्थलको भाडा समेत सेवा प्रदायक परामर्शदाता संस्था स्वयम्ले नै गर्नुपर्छ ।

### ८. तालिमको अवधि तथा सञ्चालन विधिः

तालिमको कुल अवधि १५० घण्टाको हुनेछ। तालिम दैनिक ६ घण्टाका दरले जम्मा २५ कार्यदिन सञ्चालन गरिनेछ। तालिममा सैद्धान्तिकभन्दा प्रयोगात्मक अभ्यासलाई प्राथमिकता दिइनेछ। सेवा प्रदायकले स्वीकृत पाठ्यक्रम तथा कार्यतालिकाअनुसार तालिम सञ्चालन गर्नुपर्नेछ।

## ९. पाठ्यक्रम विभाजन (१५० घण्टा)

| क्र.सं. | विषयवस्तु | घण्टा |
|---|---|---|
| १) | वारिष्टा परिचय, कफीको इतिहास, प्रकार तथा खाद्य स्वच्छता | १० |
| २) | कफी मेसिन, ग्राइन्डर तथा उपकरण सञ्चालन | २० |
| ३) | Espresso Extraction तथा कफीको गुणस्तर नियन्त्रण | २५ |
| ४) | Cappuccino, Latte, Americano, Mocha लगायतका पेय पदार्थ निर्माण | ३० |
| ५) | Milk Steaming, Milk Texturing तथा Latte Art | २० |
| ६) | ग्राहक सेवा, अर्डर व्यवस्थापन तथा कफी सप सञ्चालन | १५ |
| ७) | व्यावहारिक अभ्यास तथा कार्यस्थलमा आधारित सीप विकास | २० |
| ८) | अन्तिम सीप परीक्षण तथा मूल्याङ्कन | १० |
| | जम्मा | १५० |

## १०. सेवा प्रदायकको भूमिका

१५० घण्टाको तालिमका लागि सेवा प्रदायकले:

- २५ दिनको दैनिक प्रशिक्षण तालिका तयार गरी गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने।
- प्रत्येक सहभागीलाई पर्याप्त समयसम्म कफी मेसिनमा प्रत्यक्ष अभ्यास गराउनुपर्ने।
- आवश्यक कच्चा पदार्थ तथा उपकरण तालिम अवधिभर उपलब्ध गराउनुपर्ने।
- दैनिक हाजिरी र प्रशिक्षण घण्टाको अभिलेख राख्नुपर्ने।
- १५० घण्टा पूरा भएपछि प्रयोगात्मक परीक्षा तथा अन्तिम मूल्याङ्कन गर्नुपर्ने।

नोट: यदि तालिम दैनिक ५ घण्टा सञ्चालन गर्ने व्यवस्था गरिएमा १५० घण्टा पूरा गर्न ३० कार्यदिन लाग्नेछ।

## ११. गाउँपालिकाको भूमिका तथा जिम्मेवारी:

क. स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रही १५० घण्टाको वारिष्टा सीप विकास तालिम सञ्चालनका लागि आवश्यक नीतिगत, प्रशासनिक तथा वित्तीय व्यवस्था मिलाउने।

ख. प्रचलित सार्वजनिक खरिदसम्बन्धी कानुन तथा नियमअनुसार योग्य सेवा प्रदायक संस्था छनोट गरी तालिम सञ्चालनसम्बन्धी सम्झौता गर्ने।

ग. निर्धारित मापदण्डअनुसार प्रशिक्षार्थी छनोट तथा तालिममा सहभागिताका लागि आवश्यक समन्वय गर्ने।

घ. आँबुखैरेनी गाउँपालिका भित्र उपलब्ध रहेका उपयुक्त स्थानलाई प्रशिक्षण स्थल बनाउन सहजीकरण गर्ने ।

ङ. तालिमको प्रभावकारी सञ्चालनका लागि सम्बन्धित शाखा, सीप, रोजगार तथा उद्यमशिलता केन्द्र, सेवा प्रदायक संस्था तथा अन्य सरोकारवालाबीच समन्वय गर्ने।

च. तालिम सञ्चालन अवधिभर नियमित अनुगमन तथा निरीक्षण गरी तालिमको गुणस्तर, प्रशिक्षार्थीको उपस्थिति र प्रयोगात्मक अभ्यासको सुनिश्चितता गर्ने।

छ. सम्झौतामा उल्लेख भएबमोजिम तालिम सञ्चालनको प्रगति तथा गुणस्तरका आधारमा नियमानुसार भुक्तानीको व्यवस्था गर्ने।

ज. तालिम सम्पन्न भएपछि अन्तिम प्रतिवेदन, प्रशिक्षार्थीको मूल्याङ्कन, खर्च विवरण तथा उपलब्धिका अभिलेख प्राप्त गरी आवश्यक अनुगमन गर्ने।

झ. तालिमबाट सीप हासिल गरेका प्रशिक्षार्थीलाई स्थानीय होटल, रेस्टुरेन्ट, कफी सप तथा स्वरोजगारका अवसरसँग जोड्न आवश्यक सहजीकरण गर्ने।

## १२. प्रस्तावकहरुको छनौट तथा मुल्याङ्कन विधि

सूचना प्रकाशन पश्चात रितपूर्वक पेश हुन आएका प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका प्रावधानको आधारमा रहि मुल्याङ्कन गरिनेछ । मुल्याङ्कनमा सबैभन्दा कम् दररेटमा गुणस्तरीय सेवा दिने प्रस्तावदातालाई यस कार्यका लागि छनौट गरिनेछ ।

## १३. सेवा प्रदायकले पेश गर्नुपर्ने कागजात

- ✓ संस्थाको दर्ता प्रमाणपत्र
- ✓ PAN/VAT प्रमाणपत्र
- ✓ कर चुक्ता प्रमाणपत्र
- ✓ सम्बन्धित तालिम सञ्चालन गर्ने अधिकार/ अनुमति भए सोको प्रमाण
- ✓ प्रशिक्षकको CV तथा योग्यता/ अनुभवका प्रमाणपत्र

- ✓ तालिम सञ्चालन सम्बन्धी अनुभवको विवरण
- ✓ तालिम सञ्चालन कार्ययोजना
- ✓ आवश्यक उपकरण तथा सामाग्रीको विवरण
- ✓ प्रति प्रशिक्षार्थी लागत विवरण
- ✓ अन्य प्रचलित कानूनबमोजिम आवश्यक कागजात

**१४. तालिमका विषयवस्तु**

सेवा प्रदायक संस्थाले CTEVT को स्वीकृत पाठ्यक्रम/ सीप मापदण्ड अनुसार तालिम सञ्चालन गर्नुपर्नेछ ।

**१५. तालिम प्रतिवेदनका पक्षहरु**

क. तालिम सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेछ ।
ख. स्थानिय तहका प्रतिनिधिहरुद्वारा नियमित अनुगमन गर्नु/गराउनुपर्नेछ ।
ग. तालिम अवधिमा कम्तिमा २ पटक अनुगमन हुनुपर्नेछ ।

**१६. रकम भुक्तानी पक्षहरु**

क. सम्झौता अनुसार तयार गरी कार्यक्षेत्रगत शर्त पुरा गरेपछी भुक्तानीको योग्य हुनेछ ।
ख. सम्झौता अनुसार तालिम सम्पन्न भएपछि तालिमको प्रतिवेदन, सक्कली बिल भरपाई, कर बिजक, तालिमका फोटोहरु सहभागी उपस्थिति तथा अनुगमन मुल्याङ्कन प्रतिवेदन लग बुक समेत भुक्तानीको निवेदन पश्चात मात्र भुक्तानीको लागि योग्य हुनेछ ।

**१७. सम्झौताको अवधि**

सम्झौता भएको मितिदेखि तालिम सम्पन्न गरी आवश्यक प्रतिवेदन पेश नभएसम्म वा सम्झौतामा तोकिएको अवधिसम्म लागू हुनेछ ।

**१८. अन्य**

यस TOR मा उल्लेख नभएका विषयहरु प्रचलित कानुन, गाउँपालिकाका स्वीकृत निर्णय तथा सम्झौताका शर्तअनुसार हुनेछ ।

| | |
|---|---|
| ................................ | ................................ |
| **तयार गर्ने** | **स्वीकृत गर्ने** |
| राधिका देवकोटा | विकास प्रसाद शर्मा |
| रोजगार संयोजक | प्रमुख प्रशासकीय अधिकृत |